# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## विहादी गाउँपालिका, पर्वत

## आर्थिक वर्ष २०७५।७६

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं

## *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषाको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७
च.नं :

मितिः २०७७/३/२४

श्री प्रमुखज्यू,
विहादी गाउँपालिका,
पर्वत ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ। प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन। विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्। स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो। लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु।

२०७७ आषाढ २७ गते।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(वागमती तथा गण्डकी महानिर्देशनालय)

पत्र संख्या: २०७६।७७
च.नं :

मितिः २०७७।३।२५

श्री प्रमुखज्यू,
विहादी गाउँपालिका,
पर्वत ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

## कैफियत सहितको राय

हामीले विहादी गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यस संग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यस संग सम्बन्धित अन्य बिबरणले स्थानीय तह संग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. १ करोड २८ लाख २४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १६ लाख ६१ हजार, नियमित गर्नुपर्ने रु. ४१ लाख ६३ हजार र पेश्की बाँकी रु. ७० लाख रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०९।०६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना सोह्र (१६) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह सङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

## वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# विहादी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

## २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यो विहादी गाउँपालिका अर्न्तगत ६ वडा, ३४ सभा सदस्य ४४.८ वर्ग कि.मि.क्षेत्रफल, १३४०३ जनसंख्या र गण्डकी प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७५।०७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

# आय व्ययको विवरण २०७५।७६

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | १९७६३२६४८.३ |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | ७७१४०१०४.६६ |
| | ख) बैंक | १७३६२२५४.४१ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | १९३१४१७ | ४ | **लगानी** | |
| | ख) राजस्व बाँडफाँड | ३३०६२९३२.९ | ५ | **धरौटी फिर्ता** | ६८४५६६ |
| | ग) अन्य आय | ५४६४६२.५२ | ६ | **कोष खर्च** | |
| ३ | **वित्तीय हस्तान्तरण** | | ७ | **वेरुजु दाखिला** | १९४७७८०.७२ |
| | क)वित्तीय समानीकरण अनुदान | ६००००००० | ७ | **मौज्दात** | |
| | ख) सशर्त अनुदान | १३३२८४६८४ | | क) नगद मौज्दात | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ख) बैंक मौज्दात | |
| | क)वित्तीय समानीकरण अनुदान | १०८१५७०१.६ | | धरौटी मौज्दात वाकी | ९६००० |
| | ख) सशर्त अनुदान | | | संचति कोष वाकी | १८७५०८३८.६ |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ३६७५६५५२ | | | |
| १० | **धरौटी आय** | ७८०५६६ | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | |
| १२ | **अन्य विविध आय** | १७११३६७.८३ | | | |
| | **जम्मा** | **२९६२५१९३८.२६** | | **जम्मा** | **२९६२५१९३८.३** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १ | **आन्तरिक नियन्त्रण प्रणाली**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्वन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br>● सुशासन ( व्यवस्थापन तथा सञ्चालन ) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्नेमा नगरेको,<br>● जिन्सी निरीक्षण प्रतिवेदन मा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।<br>● मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको तथा इ-टिडिएस नगरेको,<br>● स्वीकृत कार्यक्रम अनुसार चौमासीक खर्च गर्नु पर्नेमा कुल खर्च मध्ये अधिकांश रकम तेश्रो चौमासीकमा खर्च गरेको,<br>● कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणका प्रयास गरेको अभिलेख नराखेको,<br>● वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्यांकन प्रतिवेदन दिने नगरेको,<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानिय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै तोकि सक्नु पर्नेमा नतोकेको,<br>● कुनै रकमको भुक्तानी दिंदा रीत पुगेको वा नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार नगरेको,<br>● स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र व्यवस्थापन गर्नुपर्ने उल्लेख भएकोमा सो सम्वन्धी कानुन, नीति, कार्यविधि तथा मापदण्ड नवनाएको,<br>● कार्यलयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार गरिएको पाइएन ।<br>● सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा वार्षिक खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको,<br>● ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिजेन्सी खाता नराखेको,<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाइ लागु गर्न सक्ने व्यवस्था भएकोमा नबनाएको,<br>● सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको,<br>● निर्माण कार्यहरुको लागत अनुमान स्वकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति र कर्मचारीको नाम उल्लेख नगरेको,<br>● खर्च संकेत वर्गिकरण र व्याख्या अनुसार वार्षिक कार्यक्रम तयार गरेर लेखांकन गर्नुपर्नेमा उक्त कार्य नगरेको, | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | ● निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु नगरेको,<br>● वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको,<br>● मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको लगत तयार गर्नुपर्नेमा नगरेको,<br>● प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधि भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिमको ढांचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा नगरेको,<br>● वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको संवन्धमा एकिन हुन नसकिएको,<br>● निजामती सेवा ऐन, २०४९ को दफा ७ ख (२) बमोजिम तलवी प्रतिवेदन पारीत गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारीत नगरी रु ५६,४३,७८२।१० खर्च गरेको,<br>● प्रत्येक वडाहरुलाई चालु खर्चको संचालन वजेट छुट्याई वडाहरुले रु ४० लाख ११ हजार खर्च गरेकोमा प्रत्येक ६ वडाहरुले कार्यालय संचालन खर्चमा २ लाखको दरले १२ लाख खर्च गरेकोमा वडा नं. १ ले केही रकमको मु.अ.कर विजक पेश गरेतापनि अन्य वडाहरुले मु.अ.कर विजक वेगरका अन्य विलहरु प्रयोग गरी खर्च लेखेको देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को पालना नगरेको,<br>● स्वीकृत दरवन्दीको तुलनामा अत्याधिक न्युन मात्रामा पदपुर्ति भएकोले कार्यमा कठिनाइ हुने हुदा वाँकी पदहरु पनि पुर्ति गर्ने तर्फ गाउँपालिकाको ध्यान जानुपर्ने देखिन्छ । | |
| २ | **सेवा प्रवाह** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता तथा मृत्यु दर्ता ५१० वटा, नाता प्रमाणितमा दर्ता भएका ४३८ मध्ये ४२६ वटा, घरवाटो शिफारिश ३५४ वटा, नागरीकता शिफारिशमा ५१६ वटा दर्ता मध्ये ४८० वटा र अन्य १३०८ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । गाउँपालिकाले सम्वन्ध विच्छेद, बसाई सराई, पञ्जीकरण दर्ता तथा सिफारिश सम्बन्धमा अभिलेख राखेको छैन । गाउँपालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| ३ | **सार्वजनिक सुनुवाई :-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ (५) मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एबं सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ। यस कार्यालयवाट संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि सबै योजनाको सार्वजनिक सुनुवाई संचालन गरेको देखिएन । जसबाट बित्तिय पारदर्शिता र जबाफदेहिताको पालना भएको छ भन्न सकिएन । ऐनको व्यबस्था कार्यान्वयन हुनुपर्दछ । सार्बजनिक सुनुबाई, सार्वजनिक तथा सार्वजनिक परीक्षण के, कति आयोजनामा भयो जानकारी पेश हुन आएन । | |
| ४ | **आर्थिक कारोवारको विद्युतिय लेखाङ्कन तथा प्रतिवेदनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार प्रतिवेदन गर्नु पर्दछ । महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) सफ्टवेयर प्रयोग तथा खर्च र आय सम्वन्धमा म.ले.प. फारामहरुको पुर्ण प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन र नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरेको देखिएन । | |
| ५ | **आयोजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ। यो बर्ष उपभोक्ता | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमावलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजनाको मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । | |
| ६ | **निर्माण कार्यको लगत:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाउपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत राखेतापनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन । यस पालिकाले गत विगत वर्ष देखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ । | |
| ७ | **जग्गा उपयोग मापदण्ड -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू- जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलब्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृति बमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ । | |
| ८ | **अनुगमन तथा भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. २२ लाख १६ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ । | |
| ९ | **पदाधिकारी सुविधा :** नेपालको संविधान, २०७२ को धारा २२७ मा गाउँसभा र नगरसभाका सदस्यले पाउने सुविधा प्रदेश कानुन वमोजिम हुने उल्लेख छ । गण्डकी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा संवन्धी ऐन, २०७४ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाले सेवा सुविधा (बैठक भत्ता सम्बन्धमा व्यवस्था नभएको) समेत यस वर्ष अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यको पारीश्रमिकमा (भत्ता वाहेक) देहायअनुसार रु ४२ लाख १३ हजार खर्च गरेको देखियो । स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा संवन्धी ऐन, २०७४ मा स्थानीय तहको आन्तरिक स्रोतलाई समेत आधार मानी मासिक सुविधा दिइने उल्लेख गरेको छ । आन्तरीक आय कुल रु. १९ लाख ३१ हजार रहेकोमा आन्तरीक आयले पदाधिकारीलाई ५ महिनाको मात्र सुविधा पुर्‍याउन सक्ने देखियो । अतः आन्तरीक आयका थप श्रोतको पहिचान गरी आन्तरीक आय सुदृढ गर्नुपर्ने देखिन्छ । | |

| सि.नं. | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष ६ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य १७ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३१००० | २६००० | १८००० | ९००० | ६००० | ४१७३००० |
| २ | सञ्चार सुबिधा ( मासिक दरमा) | १२०० | १००० | ८०० | | | ३९६०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | बैठक भत्ता (बैठक संख्याको आधारमा) | - | - | - | - | - | - |
| ४ | खाजा भत्ता ( मासिक) | - | - | - | - | - | - |
| ५ | पुस्तक पत्रपत्रिका ( मासिक) | - | - | - | - | - | - |
| ६ | अनुगमन भत्ता ( मासिक) | - | - | - | - | - | - |
| ७ | खानेपानी, बिजुली महसुल (मासिक) | - | - | - | - | - | - |
| ८ | सरसफाई, मर्मत ( मासिक) | - | - | - | - | - | - |
| ९ | अतिथि सत्कार ( मासिक) | - | - | - | - | - | - |
| १० | यातायात खर्च ( मासिक) | - | - | - | - | - | - |
| ११ | इन्धन (मासिक) | - | - | - | - | - | - |
| | **जम्मा** | | | | | | ४२१२६०० |

| | | |
|---|---|---|
| १० | **<u>वजेट वाँडफाँडको स्थिति :</u>** यस गाउँपालिकाले नीति, वजेट तथा कार्यक्रम अनुसार पुजीगत वजेट (विषयगत अनुदान वाट प्राप्त रकम वाहेक) मा रु ७ करोड ७९ लाख ५ हजार खर्च गरेतापनि उक्त वजेट भित्र रु. २ करोड २९ लाख ९३ हजार कृषि, पशु, महिला तथा वालवालीका, स्वास्थ्य तथा सरसफाइ, शिक्षा लगायतका चालू प्रकृतिका कार्यक्रम समेत समावेश गरी खर्च गरेको छ । जसले गर्दा कार्यालयको वित्तिय विवरणले शिर्षकगत खर्चको यथार्थता चित्रण गर्दैन । यसमा सुधार गर्नुपर्दछ । | |
| ११ | **मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन । पालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर पहिचान तथा एकिन गरी असुल गर्नुपर्दछ । | |
| १२ | **योजना र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ । ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । | |
| १३ | **नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति :** निकायको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रम मध्ये कति उद्धेश्य पुरा भयो वा प्रगति प्राप्ति भयो र कुन कुन कार्यक्रम पुरा भएका छैनन भनि विश्लेषण गरेको छैन । नीति तथा कार्यक्रम र वजेटमा उल्लेखित व्यहोराको कार्यान्वयन संवन्धमा प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । | |
| १४ | **फोहोरमैला व्यवस्थापन :** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहेरको व्यवस्थापन गरी गाउँ, नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले फोहोरमैला व्यवस्थापनको लागि देहायअनुसारका कार्यहरु गरेको छैन । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | ● ल्याण्डफिल साइटको दीर्घकालीन व्यवस्थापन र पूर्वाधार निर्माणको कार्य,<br>● फोहोर मैला व्यवस्थापन सम्बन्धमा उपयुक्त प्रविधिको अध्ययन अनुसन्धान गरी प्रविधि विकासको कार्य र "प्रदुषकले शुल्क तिर्ने" अवधारणा लागू गरी दीगो व्यवस्थापनको कार्य,<br>● फोहोर मैला व्यवस्थापन गर्ने, कम्पोष्ट विनहरुको खरिद र वितरण कार्यको अवस्था<br>● उपयुक्त प्रविधिको विकास र विस्तार गर्न पर्याप्त बजेट तथा जनशक्तिको उपलब्धता | |
| १५ | **वजेट तथा कार्यक्रममा एकमुष्ट वजेट राखी खर्च :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा कार्यपालिकावाट स्वीकृत गराई असार १० भित्र सभामा पेश गर्नुपर्ने, आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने तथा नियम ६७ मा वजेट तथा कार्यक्रम तर्जुमा समितिले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने र वजेट सीमाभित्र रही कार्यक्रमको प्राथमिकिकरण गर्नुपर्ने उल्लेख छ । कार्यालयले नीति तथा कार्यक्रमहरु तोकि वजेट तयार गर्नुपर्नेमा यस पालिकाले देहायअनुसारका कार्यमा गाउँसभावाट एकमुष्ट पारीत गराई कार्यपालिकाको पटके निर्णयवाट कार्यक्रम वनाई खर्च लेखेको छ । कार्यक्रमहरु सभावाट पारीत गराउनुपर्नेमा कार्यपालिकावाट कार्यक्रमहरु तयार गरी खर्च गर्नु उचित देखिएन । केही उदाहरण देहायअनुसार छन् । यसमा सुधार गर्नुपर्दछ । | |

| कार्यपालिकाको निर्णय मिति | विवरण | रकम |
|---|---|---|
| २०७५/६/१० | शिक्षा तर्फको वजेटको स्वीकृत कार्यक्रम तयारी | ६५००००० |
| | स्वास्थ्य तर्फको वजेटको कार्यक्रम तयार | १५००००० |
| | महिला स्वास्थ्य स्वयंसेविकाको लागि यातायात खर्चको रकम कुनै शिर्षकवाट व्यवस्था गर्ने | ६४८००० |
| २०७५/६/१८ | स्थानीय सडक पुल तथा झोलुंगे पुल शिर्षकतर्फ विनियोजन भई वाँकी रहेको रु ९० लाख वाट प्रत्येक वडालाई रु १० लाखको दरले सडक मर्मत र स्तरोन्नती गर्ने र २० लाख गत वर्षको भुक्तानी तथा सडक मर्मत गर्ने | ९०००००० |
| २०७५/६/१८, २०७५/७/१२ २०७५/८/१५ लगायत | स्थानीय सडक पुल तथा झोलुंगे पुल शिर्षकतर्फ प्रत्येक वडालाई रु ३० लाखको दरले रु १ करोड ८० लाखको वडाले तयार पारेको कार्यक्रमलाई स्वीकृति गरेको | १८०००००० |
| २०७५/८/१५ | पर्यटन शिर्षकमा रहेको रकमको वाँडफाँड | १७००००० |
| | सहकारी शिर्षकमा रहेको रकमको वाँडफाँड | १८००००० |
| | खानेपानी तथा सरसफाइ शिर्षकमा रहेको रकमको वाँडफाँड | ६०००००० |
| | संस्कृति पर्वद्धन शिर्षकमा रहेको रकमको वाँडफाँड | ६००००० |
| २०७५/८/१६ | सिंचाइ शिर्षकमा रहेको रकमको प्रत्येक वडामा कार्यक्रम वनाइ वाँडफाँड | ४३००००० |
| | भवन तथा सहरी विकास शिर्षकमा रहेको रकमको वाँडफाँड | ५७००००० |
| | उर्जा, लघु तथा साना जलविद्युत शिर्षकमा रहेको रकमको वाँडफाँड | २०००००० |
| | संचार शिर्षकमा रहेको रकमको वाँडफाँड | ३००००० |
| | कृषितर्फको ५ लाख पशु सेवा तर्फ ल्याई पशु सेवा शिर्षकमा रहेको रकम समेतको वाँडफाँड | २२५०००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | कृषि तर्फको शिर्षकमा रहेको रकमको बाँडफाँड — ४४५०००० | |
| | जम्मा — ६४७४८००० | |
| १६ | **गुणस्तर नियन्त्रण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सार्वजनिक निर्माण कार्यको गुणस्तर परीक्षण तथा निरीक्षण गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले यस आ.व. मा आन्तरीक आय, वित्तिय समानीकरण, संघीय सरकारवाट प्राप्त विषयगत कार्यक्रम, प्रदेश कार्यक्रम आदिवाट सार्वजनिक निर्माणमा खर्च गरेको रु ५ करोड ४९ लाख १४ हजार मध्ये अधिकांस कार्य उपभोक्ता समितिवाट गराएकोमा उक्त कार्यमा गुणस्तर परीक्षण अन्तर्गत, गिट्टी, वालुवा, सिमेन्ट, फलामे डण्डी, माटो परीक्षण, ढुंगा आदिको परीक्षण गरी भुक्तानी दिनुपर्नेमा परीक्षण वेगर उपरोक्त खर्च रकम भुक्तानी दिएको छ। गुणस्तर परीक्षण गर्ने कार्यलाई अनिवार्य रुपले पालना गर्नुपर्दछ। | |
| १७ | **सामाजिक सुरक्षा तर्फः** यस वर्षको सामाजिक सुरक्षा भत्ता वितरणको सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् : | |
| १७.१ | **लगत अद्यावधिक नगरी खर्च लेखेको :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ६ वमोजिम नाम दर्ता तथा नवीकरणवाट आगामी आर्थिक वर्षको लागि कायम हुन आएको लाभग्राहीहरुको संख्यात्मक विवरण प्रत्येक गाउँपालिका तथा नगरपालिकाको पौष मसान्त भित्र अनुसूचि ५ वमोजिमको ढाँचामा लगत अद्यावधिक गरी सोही अनुसार भुक्तानी गर्नु पर्ने प्रावधान छ। यस पालिका अर्न्तगतका ६ वटै वडाहरुले भत्ता वितरण कार्यको लागि तोकिएको ढाँचामा चौमासिक गत लगत अद्यावधिक नगरी खर्च लेखेको पाइयो । यसरी भत्ता वितरण गर्दा वास्तविक लाभग्राहीहरुको संख्या एकिन गर्न नसकिने साथै कार्यविधिको परिपालना समेत नगरेको पाइयो । गाँउपालिकाले कार्यविधिको परिपालना गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| १७.२ | **वैंक छनौटः** सामाजिक सुक्षा सञ्चालन कार्यक्रम कार्यविधि २०७५ को परिच्छेद ७(२४) मा स्थानीय तहले वैंक छनौट गर्दा एउटा स्थानीय तहको एक वडामा एक भन्दा बढी वैंक वा वित्तिय संस्थाको छनौट गर्न नपाइने उल्लेख छ। तर यस गा.पा. ले पहिलो चौमासिको भत्ता वितरणको लागी वडा नं. ६ को लागी वैंक छनौट गर्दा गरिमा विकास वैंक र प्रभु वैंक गरी दुई वटा वैंक छनौट गरेको छ। यसो गर्दा एउटै व्यक्ति लाई दोहोरो पर्न सक्ने सम्भावना हुन सक्ने देखिन्छ। कार्यविधि विपरीत एउटै वडाको लागि दुइ वैंक छनोट गर्नु उचित देखिएन। | |
| १७.३ | **लाभग्राहीको नाम नवीकरणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ७ को उपदफा (१) मा भत्ता प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहीहरुले आगामी आ.व.मा पनि भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ६ मा उल्लेखित समयावधि भित्र सम्वन्धित गाउँपालिका वा नगरपालिकामा दरखास्त दिनु पर्ने व्यवस्था छ। सो कार्यविधिको उपदफा (२) मा यसरी नविकरण नगर्ने लाभग्राहीले पछिल्लो आ.व.मा भत्ता नपाउने समेत उल्लेख गरेकोमा यस गाउँपालिकाले सोको परिपालना गरेको पाइएन। कार्यविधिको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| १७.४ | **मूल अभिलेख नराखेको** : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १० को उपदफा (१) मा प्रत्येक गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीको फोटो सहितको अनुसुची ५ बमोजिमको ढाँचामा मूल अभिलेख अद्यावधिक गरी राख्नुपर्ने साथै लाभग्राहीको तोकिए बमोजिमको विवरण निदिष्ट गरी समयावधिभित्र एम.आइ.यस.मा प्रविष्टि गर्नुपर्ने व्यवस्था भएकोमा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | यस पालिकाले सवै लाभग्राहीको तोकिएको ढाँचामा अभिलेख राखेको पाइएन । गाँउपालिकाले कार्यविधिको पालना गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| १७.५ | **लाभग्रहीको नाम दर्ता** : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ५ को खण्ड क मा जेष्ठ नागरिकले आफ्नो उमेर पुग्ने मिति उल्लेख गरी आगामी आर्थिक वर्षको लागि यस आ.व. मा नै तोकिएको म्यादभित्र दरखास्त दिनुपर्नेछ एंव दफा ६ को उपदफा (१) को खण्ड क मा आगामी आ.व.को फागुन मसान्तभित्र उमेर पुग्ने जेष्ठ नागरिकहरुले आगामी आ.व. मा उमेर पुग्ने मिति उल्लेख गरी प्रत्येक आर्थिक वर्षको श्रावण १ गतेदेखि पुस मसान्तभित्र नाम दर्ताको लागि दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा नमुना छनोटको रुपमा २ वडाको स्रेस्ता परीक्षण गर्दा केही लाभग्राहीले समयावधिभित्र नाम दर्ता गराएको पाईएन् । कार्यविधिको पालना गर्नुपर्दछ । | |
| १८ | **मुल्य अभिवृद्धि कर कट्टी नगरेको :** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले मिति २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मु.अ.कर रकमको ५० प्रतिशत संवन्धित राजस्व शिर्षकमा र बाँकी ५० प्रतिशत संवन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले देहायअनुसार मिति २०७६।२।१६ देखिको भुक्तानीमा ५० प्रतिशत राजस्व शिर्षकमा दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु .... | १६३,०९७/ |

| भौ नं. र मिति | फर्मको नाम | विल रकम | मु.अ.कर रकम | ५० प्रतिशतले हुने मु.अ.कर रकम |
|---|---|---|---|---|
| २४१-०७६/२/२६ | फ्युचर हव मिडिया मल्टिप्रपोज प्रा लि. | १३२५०० | १७२२५ | ८६१३ |
| २६४।०७६।३५ | इगल्स सोलुशन प्रा.लि. | ४२३५७१ | ४८७२९ | २४३६५ |
| २६४।०७६।३५ | इगल्स सोलुशन प्रा.लि. | १९९९६४८ | २३००४८ | ११५०२४ |
| ३०२।०७६।३।१५ | शुभकामना सप्लायर्स | १७२८९० | १९८९० | ९९४५ |
| ३०३।०७६।३।५ | पंगाली मेशिनरी एण्ड टुल्स सेन्टर | ८९५३८ | १०३०१ | ५१५० |
| | जम्मा : | २८३५३७२ | ३२६१९३ | १६३०९७ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १९ | **विषयगत समितिको वैठक भत्ता :** स्थानीय तहयका पदाधिकारी तथा सदस्यको सुविधा संवन्धी ऐन, २०७४ को दफा १५ मा यस ऐनले तोके वाहेकको अन्य सुविधा प्रदेश सरकारले तोके अनुरुप हुने उल्लेख छ भने अनुसूचि १ मा पदाधिकारीले पाउने सुविधाको व्यवस्था गरेको छ । अनुसूचि १ मा मासीक सुविधा उपलव्ध गराउने उल्लेख गरेकोले भत्ता दिने व्यवस्था छैन भने भत्ताको संवन्धमा प्रदेश सरकारले अन्यत्र पनि कुनै व्यवस्था गरेको छैन । तर कार्यालयले देहायअनुसारका वैठक वस्दा भत्ता भुक्तानी गरेको देखिन्छ । ऐनमा भएको व्यवस्थाको विपरीत हुने गरी भत्ता खानु अनियमित देखिएको रु .... | १४९,०००/ |

| भौ नं. र मिति | विवरण | भत्ता रकम |
|---|---|---|
| ९६-०७५/११/२८ | होमस्टे व्यवस्थापन समितिको वैठक | ३१००० |
| | पशु सेवा कार्यकमको कृषक छनोट संवन्धी वैठक | १८००० |
| | कृषि सम्वन्धी वैठक | १८००० |
| ९६-०७५/११/२८ | न्यायिक समिति वैठक भत्ता | २७००० |
| ५७-०७५/९/२५ | संचालित योजनाको जाँचपास तथा फरफारक समितिको वैठक भत्ता भुक्तानी | ५५००० |
| | जम्मा | १४९००० |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>२०</td><td>

**कार्यालय भवन उपभोक्ता समितिमार्फत गराएको :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । कार्यालयले आफ्नै वडा कार्यालय भवन निर्माण गर्दा उपभोक्ता समिति गठन गरी कार्य गराएको छ । उपभोक्ता समितिले गर्ने कार्य लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो । नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत कार्य गराउनु अनियमित देखिएको रु .....

<table>
<tr><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td rowspan="2">वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति</td><td>३ नं. वडा कार्यालय रानापानीको भवन निर्माण कार्य (भौ नं. २२६-०७६।२।१४)</td><td>१७१००००</td></tr>
<tr><td>ऐ .ऐ कामको लागि पुन: पेश्की दिएको रु..</td><td>१३०००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३०१००००</td></tr>
</table>

</td><td>३०१०,०००/</td></tr>
<tr><td>२१</td><td>

**रोजगारी श्रृजना नहुने काम उपभोक्ता समितिवाट गराएको :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत गराउन नहुने उल्लेख छ। यस गाउँपालिकाले अधिकांश काम निर्माण व्यवसायीका उपकरण प्रयोग गरी कार्य सम्पन्न गरेको छ। यसरी उपभोक्ता समितिमार्फत उपकरण प्रयोग गरी काम गराउदा प्रतिस्पर्धा नहुँदा मितव्ययी नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर पक्ष कमजोर रहने, पुर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउदा रोजगारी श्रृजना नहुने अवस्था देखिदा यसरी गरेको कार्य ऐनको उद्धेश्यको प्रतिकुल समेत देखिन्छ। नमुना छनोटको आधारमा केही भौचर परिक्षण गर्दा अत्याधिक मात्रामा निर्माण व्यवसायी प्रयोग गरि कार्य गराएको देखियो। यसमा सुधार गर्नुपर्दछ।

</td><td></td></tr>
<tr><td>२२</td><td>

**मु.अ.कर वढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले गरेको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने र खर्चका प्रमाण राख्नुपर्ने उल्लेख छ। कार्यालयले देहायअनुसारका कार्य गर्दा उपभोक्ता समितिवाट मेशिन प्रयोग गर्दा मु.अ.कर भुक्तानी गरेको तर उपभोक्ता समितिले कम मु.अ.करको विजक पेश गरेका छन्। जसले गर्दा पेश गरेको विजकको मु.अ.कर भन्दा वढी मु.अ.कर भुक्तानी गरेको देखिन्छ। वढी मु.अ.कर भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु ....

<table>
<tr><th>भौ नं. र मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कार्यालयले भुक्तानी गरेको मु.अ.कर</th><th>विजकमा उल्लेखित मु.अ.कर</th><th>वढी भुक्तानी</th></tr>
<tr><td></td><td colspan="2">स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम तर्फ</td><td></td><td></td></tr>
<tr><td>४-०७६/२/९</td><td>छतन्ने सेतीवेणी सडक स्तरोन्नती</td><td>१८३५०२</td><td>१६४५११</td><td>१८९९१</td></tr>
<tr><td></td><td colspan="2">पुजीगत तर्फ</td><td></td><td></td></tr>
<tr><td>२३४-०७६/२/२०</td><td>ढौवा ढाकाचौर सडक निर्माण तथा सफाइ समिति</td><td>७२२३१</td><td>६२९२०</td><td>९३११</td></tr>
<tr><td>१९९-०७६/२/२</td><td>वडा नं. ५ का प्रमुख सडक सफाइ र मर्मत स्तरोन्नती</td><td>१२२५०८</td><td>१०९१३१</td><td>१३३७७</td></tr>
</table>

</td><td>५११००/</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ८१-०७५/१०/२१ | वडा कार्यालय लामाखर्क सगरमाथा वाथखोला सडक स्तरोन्नती | ८५९२९ | ७६५०८ | ९४२१ |
| | जम्मा | | | ५११०० |

२३

**फरक लागत अनुमान तयार पारी वोलपत्र आव्हान गरेको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० वमोजिम लागत अनुमान तयार गर्दा दररेट निर्धारण समितिको दररेट प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। कार्यपालिकाको मिति २०७५।८।१५ को निर्णयले विहादी गाउँपालिकाले दररेट नवनाउदा सम्म साविकमा जिल्ला विकास समिति पर्वतले वनाएको दररेटका आधारमा कामकाज गर्ने निर्णय गरेको देखिन्छ। यस अनुसार पर्वत जिल्लाको जिल्ला दररेट अनुसार लागत अनुमान तयार गर्नुपर्नेमा स्याङजा जिल्लाको दररेट राखी फरक दररेट पारी ग्याल्भनाइन्ड स्टील ट्युवुलर पोलको लागत अनुमान तयार गर्दा पर्वत जिल्लाको जिल्ला दररेटको तुलनामा रु ७ लाख ४६ हजारको लागत अनुमान फरक परेको देखियो । यसरी फरक दररेट तयार गरी लागत अनुमान तयार गरी अतिरिक्त व्ययभार पार्नु उचित देखिएन । यस सम्वन्धमा कार्यालयले कार्यपालिकावाट दर स्वीकृत गराई पैयु गाउँपालिकाको रेटलाइ आधार मानि लागत अनुमान तयार गरेको जनाएको छ ।

| शिर्षक | विवरण | थान | खरिदको दर | कार्यालयले तयार गरेको ल.इं | पर्वतको दररेट अनुसार | फरक दर | लागत अनुमानमा फरक |
|---|---|---|---|---|---|---|---|
| पुर्वाधार विकास साझेदारी कार्यकम | ९ मिटरको | १२ | २२१९७ | २३१५२.५ | १९११० | ४०४२.५ | ४८५१० |
| | ८ मिटरको | १४० | १५२५१ | १५९०७.५ | १३१३० | २७७७.५ | ३८८८५० |
| वित्तिय समानीकरण पुजीगत | ९ मिटरको | १४ | २३३०० | २३१५२.५ | १९११० | ४०४२.५ | ५६५९५ |
| | ८ मिटरको | ६० | १५८५० | १५९०७.५ | १३१३० | २७७७.५ | १६६६५० |
| | जम्मा फरक | | | | | | ६६०६०५ |
| मु.अ.कर समेत फरक रकम | | | | | | | ७४६४८३.७ |

२४

**मू.अ.करमा दर्ता नभएका परामर्शदातालाई भुक्तानी :** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) मा सरकारी निकाय, सार्वजनिक संघ, संस्था वा दर्ता भएको व्यक्तिले वार्षिक एक लाख रुपैयाभन्दा बढीको परामर्श सेवा लिंदा दर्ता भएको व्यक्तिसंग मात्र दिनु लिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ। कार्यालयले आवधिक योजना निर्माणको लागि मु.अ.करमा दर्ता नभएका विरेन्द्र अधिकारीलाई भौ नं. १५४ ( २०७५।१२।२२) वाट रु ३५७,६४७ भुक्तानी गरेको छ । नियममा भएको व्यवस्थाको विपरीत हुने गरी उक्त कार्य गराएको रकम अनियमित देखिएको रु .... ३५७,६४७/

२५

**सोझै खरिद :** सार्वजनिक खरिद नियमावलि २०६४ नियम ८४ बमोजिमको सिलवन्दीको माध्यमबाट दरभाउपत्र आव्हान गरी सामानहरु खरिद गर्नु पर्नेमा सो नगरी देहायअनुसार फर्मबाट सोझै खरिद गरिएकोले नियमित नभएको रु .... ५९९,४६५।

| सि.नं. | भौ.नं मिति | बिबरण | फर्मको नाम | रकम रु |
|---|---|---|---|---|
| १ | ५४-०७५/९/२३ | एचडिपिइ पाइप खरिद | सिद्धि विनायक ट्रेड सेन्टर | ४६१०४० |
| २ | ८२-०७५/१०/२३ | | | ९४९२० |
| ३ | ६८-०७५/१०/८ | | हिमालय मल्ट्रिपल ट्रेडर्स | ४३५०५ |
| | | जम्मा | | ५९९४६५ |

**शसर्त अनुदानः**

२६

**स्वास्थ्यः** ३१।२०७६।३।२५ स्वीकृत दरवन्दी भित्रको पद रिक्त भएमा मात्र उक्त पदमा नियुक्ति गर्न पाउनेमा विहादी स्वास्थ्य चौकीमा करारमा ल्याव असिस्टेन्ट पदमा विष्णु पराजुलीलाई नियुक्ति गरी २०७६ वैशाख देखि ४७५२०/

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>२०७६ आषाढ सम्म रु १६०००। का दरले रु ४८० सामाजिक सुरक्षा कर कट्टी गरी रु ४७५२० भुक्तानी भएकोमा उक्त स्वास्थ्य चौकी मा ल्याव असिस्टेन्ट दरवन्दी नरहेकोले नियमित नदेखिएको रु</td><td></td></tr>
<tr><td>२७</td><td>वैकल्पिक उर्जा : कार्यक्रम अनुसार सुधारिएको चुल्होमा ८००००। वजेट व्यवस्था भएको र वायो ग्यास जडानमा रु ७५०००। वजेट व्यवस्था भएको देखिन्छ। तर सुधारिएको चुल्होमा ८००००। मात्र वजेट विनियोजन भएकोमा वायोग्यास जडान कार्य नगरी एकमुष्ट रु १५५०००। खर्च लेख्नु कार्यक्रमको उदेश्य विपरीत देखिन्छ।</td><td></td></tr>
<tr><td>२८</td><td>वातावरण सरसफाई तर्फः १।२०७६।३।१५ सरसफाई सम्वन्धि निर्माणमा रु २१६०००। बातावरण सरसफाई सम्वन्धि कार्यक्रम संचालन गर्न रु १४५२०। समेत रु २३०५२०। वजेट व्यवस्था भएको देखिन्छ। शुभकामना सप्लार्यस रुपन्देहि वाट प्लाष्टिक वकेट खरिद गरी २०७६।३।१ मा २५५ थानको रु २३०५२०। भुक्तानी भएकोमा कार्यक्रमको उदेश्य विपरित समान खरिद गरी लेखापरीक्षण अवधि सम्म जिन्सी मौज्दात रहेको छ। वितरण नगरी खरिद गर्ने उद्धेश्यले मात्र मौज्दात राख्न उपयुक्त देखिएन।</td><td></td></tr>
<tr><td></td><td>शिक्षा तर्फः</td><td></td></tr>
<tr><td>२९</td><td>वढी निकासाः १।०७५।६।४ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम (८) मा कुनै रकमको भुक्तानी दिदाँ रीत पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। यस गाँउपालिकाले शालिग्राम उ.मा.वि शालिग्रामलाई प्रथम चौमासिकको तलव भत्ता तथा चाडपर्व खर्च वापत रु २७५२२०३। भुक्तानी दिएकोमा भुक्तानी दिनुपर्ने भन्दा रु ३५०००। वढी निकासा दिएकोले वढी निकासा दिएको रकम असुल गर्नुपर्ने रु ...</td><td>३५,०००/</td></tr>
<tr><td>३०</td><td>कक्षा ८ परिक्षा सञ्चालनः ३६।०७५।१२।१५ कक्षा ८ को स्थानीय तह स्तरीय परीक्षा सञ्चालनका लागी विद्यार्थी सँग शल्क वापत कुनै रकम नलिने गरी परिक्षा सञ्चालन गर्ने र सो परिक्षा सञ्चालन गरेवापत प्रति विद्यार्थी रु २०० का दरले खर्च लेख्न पाउने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यन्वयन पुस्तिकाको कियाकलाप नं. २.१५.११.७८५ मा उल्लेख छ। पालिका ले उपलब्ध गराएको विवरण अनुसार यस आ.व.मा कक्षा ८ को स्थानीय स्तरिय परिक्षा दिने विद्यार्थी संख्या ३२३ रहेको र पालिकाले परिक्षा संचालान खर्च वापत प्रति विद्यार्थी रु २००। ले ६४६००। मात्र खर्च लेख्न पाउलेमा कृष्ण प्र. आचार्य लाई रु ७७०००। सोधभर्ना भुक्तानी दिएकोले वढी भुक्तानी दिएको रु १२४००। असूल गरी संघिय सञ्चित कोष दाखिला गर्नेपर्ने रु</td><td>१२४००</td></tr>
<tr><td>३१</td><td>चाडपर्व खर्चः ३।०७५।११।१९ परम्परा देखि मानिआएको पर्व लाई उल्लेख गरी कर्मचारीले वर्षमा एक पटक चाड पर्व खर्च भुक्तानी लिन पाउने व्यवस्था निजामती सेवा नियमावली, शिक्षा सेवा नियमावली तथा स्वास्थ्य सेवा नियमावलीले व्यवस्था गरेको छ। मिति ०७५।७।१४ मा नियुक्ति भै आएका बहाकी मा.वि. बहाकीका शिक्षिका विष्णू पाण्डे क्षेत्री र २०७५।९।११ मा नियुक्ति भै आएका लक्ष्मी भवन मा.वि. वहाकी का शिक्षिका मिना तिवारीले आफ्नो मूख्य पर्व चैत दशै उल्लेख गरी कमश रु २२१७०। को दरले चाडपर्व खर्च भुक्तानी लिनु भएकोमा पुन असोज महिनामा पर्ने वडा दशै २०७६ मा चाडवाड खर्च लिएको देखिएको छ। सुरु नियुक्ति हुँदा मूख्य पर्व चैत दशै उल्लेख गरी चाडपर्व खर्च लिएकोमा पुनः आश्विनमा पर्ने वडा दशैं मनाउन चाडवाड खर्च भुक्तानी दिन नमिल्ने देखिएकोले निज हरुले लिएको चैत दशै चाडवाड खर्च असूल गरी संघिय सञ्चित कोष दाखिला गर्नूपर्ने रु....
<table>
<tr><th>सि.न.</th><th>शिक्षिकाको नाम</th><th>सम्वन्धित विद्यालय</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१.</td><td>विष्णु पाण्डे क्षेत्री</td><td>वहाकी मा.वि. वहाकी</td><td>२२१७०</td></tr>
<tr><td>२.</td><td>मिना तिवारी</td><td>लक्ष्मी भवन मा.वि. वहाकी</td><td>२२१७०</td></tr>
<tr><td></td><td></td><td>जम्मा :</td><td>४४३४०</td></tr>
</table></td><td>४४३४०/</td></tr>
<tr><td></td><td>वित्तिय समानिकरण पूँजीगतः</td><td></td></tr>
<tr><td>३२</td><td>वढी दरको प्रयोगः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार दर विश्लेषण गरी निर्धारण गरीएको दरको आधारमा निर्माण कार्यको लागत अनुमान तयार हुनुपर्दछ। यस पालिकाले पाताल पैसठ्ठी ल्याङ्ग सिंचाई कुलो मर्मत कार्यको उ.स.को नाममा सिभिल वर्क तर्फ रु १३५०७२। र डण्डी तथा छड ढुवानी कार्यको रु १४३६४०। गरी २८७३७०। खर्च लेखेको पाइयो। फाँटवारी परीक्षण गर्दा ढुवानी गर्नूपर्ने सामाग्री (डण्डी तथा छड) २२.७४ क्वीन्टल रहेको र निर्माण कार्यको दुरी खरिद गरिने स्थान वाट ३५ कि.मि. उल्लेख गरे वमोजिम स्थानीय दर रेट अनुसार १ क्वीन्टल निर्माण सामाग्री को ट्र्याक्टर द्धारा ढुवानी गर्दा प्रति क्वीन्टल रु १७.६० उल्लेख भए वमोजिम ३५ कि.मि. मा प्रति क्वीन्टल रु ५५४ का दरले २२.७४ क्वीन्टल निर्माण सामाग्रीको रु</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | १२५९८। मात्र ढुवानी खर्च हुन आउनेमा रनिङ्ग विल वाट रु १४३६४०। लेखेकोले दर विश्लेषण वाट तय भएको दर भन्दा वढी दर रु (६३१७ प्रति कि.मि. प्रति क्वीन्टल) राखि खर्च लेखेको रु १३१०४३। मा उ.स.को योगदान १०.७४ प्रतिशत घटाई वढी भुक्तानी भएको रु ११६,९६९। असूल हुनुपर्ने रु ... | ११६,९६९/ |
| ३३ | **मु.अ.कर भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिले गरेको खर्चको स्रेस्ता, विलभर्पाई स्थानीय निकायले जाँचगरी प्रतिवेदन लिने व्यवस्था छ । यो बर्ष उपभोक्ता समिति लाई खरिद मूल्यमा मूल्य अभिबृद्धि कर सहित रकम भुक्तानी दिनेगरी लागत अनुमान गरी सोहि बमोजिम कार्य सम्पन्न भई भुक्तानी दिएकोमा विलमा समावेश भएको भन्दा वढी भुक्तानी भएको मुल्य अभिबृद्धि कर असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु... | १३३४४७/ |

| सि.न. | गो.भौ. /मिति | निर्माण कार्यको विवरण | उ.स.लाई भुक्तानी भएको रकम | उ.स.लाई मु.अ.कर भुक्तानी रकम | विलमा समावेश मू.अ.कर रकम | घटी मू.अ.कर रकम |
|---|---|---|---|---|---|---|
| १. | ४४।०७५।९।१९ | पिपल माटा रासकोट लुरिङ्ग सडक निर्माण | ३०००००० | २१३४२८ | १८५४९६ | २७९३२ |
| २. | १२।०७५।७।७ | भुषाल चोक पोखरा चौर खहरे खोला सडक निर्माण | १८०४००० | २१९९५९ | १९७२६२ | २२६९७ |
| ३. | २०।७५।८।१२ | वहाकी उराम पोखरी मोटर वाटो निर्माण कार्य | १३७०००० | १६६६०७ | १५०१३० | १६४७७ |
| ४. | २४।०७५।८।२१ | डुड भुषाल चोक पोखरा चौर खहरे खोला सडक मर्मत | २१६५००० | २०६१३२ | १८७३४९ | १८७८३ |
| ५. | ४२।०७५।९।१९ | गाइधुने घाट रातमाटे सडक निर्माण कार्य | १७००००० | २०५१९९ | १८३७२३ | २१४७६ |
| ६. | २९४।०७६।३।१२ | वडा नं.४ को खेलमैदान निर्माण | ३०७५२४ | ३७६४४ | ३३६८७ | ३९५७ |
| ७. | ३४६।०७६।३।२५ | काउलेको फेद/ जुम्याटोल/लुङ्गरिङ्ग मोटर वाटो निर्माण | २५०००० | ३०५१५ | २७३३४ | ३१८१ |
| ८. | ३८२।०७६।३।३० | शाखा बाटोहरु मर्मत कार्य वहाकी | २२०००० | २६८१६ | २०५०० | ६३१६ |
| ९. | ३८८।०७६।३।३१ | घट्टने खोरपोखरा उरामपोखरी मोटर वाटो | २००००० | २४६६७ | २१८५८ | २८०९ |
| १० | ३६५।०७६।३।२९ | वडाका प्रमुख सडकहरु सरसफाई मर्मत स्तरोन्नती वाच्छा | ५१२८९४ | ५४२९७ | ५१३४२ | २९५५ |
| ११ | ३७९।०७६।३।३० | भतेरपाटा ठुलो पधेरी खा.पा.याजना | १०४०६६५ | २८७५० | २१८८६ | ६८६४ |
| | | **जम्मा** | | | | **१३३४४७** |

| | | |
|---|---|---|
| ३४ | **वढी दरको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार दर विश्लेषण गरी निर्धाणर गरीएको दरको आधारमा निर्माण कार्यको लागत अनुमान तयार हुनुपर्दछ । सडकको Surface levelling को कार्यको मेशिनवाट कार्य गराउदा स्थानीय दर अनुसार प्रति घ.मि. ६७.८० हुन आउनेमा गिट्टी मिसिएको | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | माटो खनेको (Bouldermix Soil) को दर रु ११३.०० राखि खरिद कार्य गराएको पाईयो । दर विश्लेषण वाट तय भएको दर भन्दा वढी दर वाट लागत अनुमान स्वीकृत गरी सम्झौता गरेको कारण तपसिल वमोजिम वढी भुक्तानी भएको रु ९८०१८०। असूल हुनपर्ने रु... | ९८०,१८०/ |

| सि.न. | गो.भौ. /मिति | निर्माण कार्यको नाम | परिमाण | स्वीकृत दर | लिइएको दर | फरक दर | वढी रकम |
|---|---|---|---|---|---|---|---|
| १. | २४।०७५।८।२१ | डुड भुषाल चोक पोखरा चौर खहरे खोला सडक मर्मत कार्य | ५३६६ घ.मि | ६७.८० | ११३ | ४५.२ | २४२५४३ |
| २. | ३२।०७५।९।२ | नौनादी वडा कार्यलय लोकमार्ग सडक | १९०१.५ घ.मि. | ६७.८० | ११३ | ४५.२ | ८५९४८ |
| ३. | ४१।०७५।९।१९ | वडाका प्रमूख सडक हरुको स्तरोन्नती कार्य | ३३५३.३९ घ.मि. | ६७.८० | ११३ | ४५.२ | १५१५७३ |
| ४. | ४२।०७५।९।१९ | गाइथुने घाट रातमाते सडक निर्माण कार्य | २०८२.५० घ.मि. | ६७.८० | ११३ | ४५.२ | ९४१२९ |
| ५. | ४३।०७५।९।१९ | सिम्ले जनकल्याण विद्यालय हुदैं तल्लो सडक निर्माण कार्य | ४१९.३० घ.मि. | ६७.८० | ११३ | ४५.२ | १८९५२ |
| ६. | ५१।०७५।९।२३ | वडाका प्रमूख सडक सरसफाई मर्मत तथा स्तरोन्नति कार्य | ५४३१.६० घ.मि. | ६७.८० | ११३ | ४५.२ | २४५५०८ |
| ७. | ३८३।०७६।३।३० | शाखा वाटाहरु मर्मत कार्य वहाकी | १११० घ.मि. | ६७.८० | ११३ | ४५.२ | ५०१७२ |
| ८. | ३६५।०७६।३।२९ | वडाका प्रमुख सडक हरु मर्मत सरसफाई र स्तरोन्नती कार्य वाच्छा | २०२१.१२ घ.मि. | ६७.८० | ११३ | ४५.२ | ९१३५५ |
| | | **जम्मा** | | | | | **९८०१८०** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ३५ | **पुँजीगत खर्चवाट चालु खर्चः** १७३।०७६।१।१५ एकिकृत आर्थीक बर्गिकरण संकेत तथा बर्गिकरण र व्यख्या, २०७४ मा पुँजीगत शिर्षकमा विनियोजन बजेट वाट चालु खर्च गर्न नपाइने उल्लेख छ । यस गा.पा.को कार्यलयले यो आर्थिक बर्षमा सभावाट पारित गरी १६ स्कुलको रु १२५५९५०। संचालन अनुदान (चालु प्रकृति) खर्च पूँजीगत वजेटमा समावेश गरी निकासा दिइएको र उक्त खर्च पूँजीगत वजेटवाट लेखेको नियम सम्मत देखिएन । चालु प्रकृतिका खर्च चालु बजेट शिर्षकमा समावेश गरी बजेट खर्च लेख्नु पर्दछ । | |
| | पुँजीगत वजेट वाट संचालन अनुदान निकासा दिएको विद्यालयको विवरण यसप्रकार छ । | |

| सि.न. | विद्यालयको नाम | संचालन अनुदान रकम |
|---|---|---|
| १. | जन कल्याण मा.वि. वाच्छा | १००००० |
| २. | जन विकास नि.मा.वि. | ५०००० |
| ३. | जनप्रिया प्रा.वि. वाच्छा | ३०९५० |
| ४. | जन कल्याण प्रा.वि. वाच्छा | ५०००० |
| ५. | लक्ष्मि भवन मा.वि. वहाकी | २६०००० |
| ६. | सगरमाथा मा.वि. वहाकी | १५०००० |
| ७. | अम्वरी नि.मा.वि. वर्राचौर | ११५००० |
| ८. | रानिपानी नि.मा.वि. रानिपानी | ७५००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | |
|---|---|---|
| ९. | शिला नि.मा.वि. शालिग्राम | ७५००० |
| १०. | जनसेवा प्रा.वि. वर्राचौर | ३५००० |
| ११. | मातृभूमि प्रा.वि. रानीपानी | ४०००० |
| १२. | जनचेतना प्रा.वि. रानिपानी | ७५००० |
| १३. | गणतन्त्र प्रा.वि. रानिपानी | ५०००० |
| १४. | चन्द्र मा.वि. उराम पोखरी | ५०००० |
| १५. | चन्द्र उ.मा.वि. उराम पोखरी | ५०००० |
| १६. | कालिका प्रा.वि. उराम पोखरी | ५०००० |
| | **जम्मा** | **१२५५९५०** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ३६ | **आन्तरीक आय व्यवस्थापन :** यस स्थानीय तहले यस वर्ष देहायअनुसार आन्तरीक आयको ठेक्का लगाएकोमा देखिएको व्यहोरा देहायअनुसार छ : | |
| ३६.१ | **मू.अ.कर दाखिलाः** यस गाँउपालिकाले आन्तरिक आय तर्फ ढुङ्गा, गिटी, वालुवा को ठेक्का लगाएको अग्रगमन कन्स्ट्रक्सन सँग आम्दानी भएको जम्मा रकम रु. ९,५४,२००। को मू.अ.कर १२४,०४६। मु.अ.कर दाखिला हुन वाकी रहेकोले उक्त रकम मु.अ.कर खातामा जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने रु .... | १२४,०४६/ |
| ३७ | **आन्तरीक लेखापरीक्षण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको आन्तरीक लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ। यस गाउँपालिकाको आन्तरीक लेखापरीक्षण प्रतिवेदन कोष तथा लेखा नियन्त्रकको कार्यालयवाट गरेकोमा लगती वेरुजु नरहेको प्रतिवेदन पेश गरेको छ। यस कार्यालयको नाउमा फछ्र्यौट गर्न वाँकी पेश्की रहेको पेश्की वेरुजु समेत नऔल्याएकोले आन्तरीक लेखापरीक्षण प्रतिवेदन प्रभावकारी देखिएन । आन्तरीक लेखापरीक्षण प्रभावकारी नहुँदा आन्तरीक नियन्त्रण नहुने हुदा यसलाई प्रभावकारी वनाउनुपर्ने देखिन्छ । | |
| ३८ | **पेश्की वाँकी रहेको :** कार्यालयको फछ्र्यौट गर्न वाँकी पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार फछ्र्यौट गर्नुपर्ने रु ... | ७०,००,०००/ |

| सि.न. | पेश्की लिएको मिति | पेश्की लिनेको नाम | वापत | रकम |
|---|---|---|---|---|
| १. | २०७५।६।१५ | चन्द्र मा.वि. उराम खोरपोखरी | भवन निर्माण | ५४०००० |
| २. | २०७६।३।२६ | चन्द्र मा.वि. उराम खोरपोखरी | भवन निर्माण | १२६०००० |
| ३. | २०७५।११।३० | वहाकी मा.वि. वहाकीठाटी | भवन निर्माण | ५४०००० |
| ४. | २०७६।३।२६ | वहाकी मा.वि. वहाकीठाटी | भवन निर्माण | १२६०००० |
| ५. | २०७६।२।२९ | समाज सुधार सामुदायिक सिकाई केन्द्र रानीपानी | कार्यक्रम सञ्चालन | ५०००० |
| ६. | २०७६।३।२६ | समाज सुधार सामुदायिक सिकाई केन्द्र रानीपानी | कार्यक्रम सञ्चालन | १९००० |
| ७. | २०७६।३।२६ | अग्रगमन सामुदायिक सिकाई केन्द्र वहाकी | कार्यक्रम सञ्चालन | १००००० |
| ८. | २०७६।२।२४ | रानीपानी वडा कार्यलय भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | १३००००० |
| ९. | २०७६।२।२७ | ए एण्ड ए विल्डर्स प्रा.लि. | भवन निर्माण | १९३१००० |
| | | **जम्मा** | | **७००००००** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ३९ | **राजश्व :** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था छ । आ.व. २०७५/७६ मा आन्तरीक आयतर्फ रु १९ लाख ३१ हजार आम्दानी प्राप्त भएको विवरण पेश भएको छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् :<br>● ऐनको दफा ५५ मा सम्पत्ति कर तथा ५६ मा भूमिकर (मालपोत) लगाउने व्यवस्था भएकोमा लगत अद्यावधिक गरेको छैन । लगत अद्यावधिक नगरेको कारण उठनुपर्ने कर प्राप्त हुन नसकेको देखिन्छ ।<br>● ऐनको दफा ५८ मा आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था भएकोमा लगत संकलन तथा अद्यावधिक नगरी कर संकलन मात्र गरेको देखिन्छ ।<br>● ऐनको दफा ६१ मा जडीवुटी कवाडी र जीवजन्तु कर लगाउने व्यवस्था भएकोमा सो को पहिचान गरेको छैन ।<br>● ऐनको दफा ६२ ख मा सामुदायिक वनले वन पैदावारको विक्रि वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा वुझाउनुपर्ने व्यवस्था भएकोमा सामुदायिक वनवाट राजस्व प्राप्त भएको छैन र यस संवन्धमा पालिकाले अनुगमन समेत गरेको छैन ।<br>● कार्यालयले मुल संचित कोषको वैंक नगदी किताव तयार गरेको छैन । जसले गर्दा आन्तरीक आय, विषयगत निकाय तथा अन्य श्रोतवाट प्राप्त आम्दानीको सहि लेखांकन भए नभएको सुनिश्चित गर्न सकिएन । प्राप्ती तथा खर्चको विवरण अद्यावधिक गर्नुपर्दछ ।<br>● विभिन्न वडा तथा गाउँपालिका आफैले आफुले प्राप्त गरेको राजस्व वुझाएको देखिएकोमा नगदी रसिदको अर्धकट्टी राखेको छैन भने म.ले.प.फा.नं. १०८ तथा १०८ (क) वमोजिम पटके रसिदको पोष्टीङ गर्नुपर्नेमा उक्त खाता नै नराखेकोले प्राप्त आय सही हो भन्ने अवस्था छैन । नगदी रसिद अनुसारको पोष्टीङ गरी उक्त खातामा चढाएको प्रमाण पेश गर्नुपर्दछ ।<br>● वडा कार्यालयहरुलाई पालिकाले नगदि रसिद पठाँउदा रसीद नियन्त्रण खाता राखेको छैन ।<br>● गाउँपालिका आफैले संकलन गरेको राजस्व वाहेक वडा कार्यालयवाट प्राप्त रकमको शिर्षकगत विवरण नराखेको कारण कुन शिर्षकमा कति रकम प्राप्त भयो कुनै अभिलेख राखेको छैन ।<br>● यस कार्यालयले उठाउने सबै प्रकारका राजश्वहरुको लगत अद्यावधिक गरि उठाउनुपर्नेमा उठाएको छैन । | |

**अनुसूची- १**

# विहादी गाउँपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

**प्रदेश : गण्डकी** **(रु.हजारमा)**

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| | वहादी गाउँपा लका | पर्वत | १७३६२ | ६०००० | १८०८५८ | ३८०३२ | २७८८९० | १९७६३३ | ७७१४० | २६३२ | २७७४०५ | १८८४७ |

**अनुसूची– २**

# बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

**(रु.हजारमा)**

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | पर्वत | वहादी गाउँपा लका | ३० | १६ | १३४९६ | ० | १ | ६७२ | ३० | १५ | १२८२४ | १६६१ | ४१६३ | ० | ० | ० | ४१६३ | ० | ७००० | ७००० |

**अनुसूचि ३**

## अद्यावधिक वेरुजू स्थिति

**(रु. हजारमा)**

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | वहादी गाउँपा लका | पर्वत | १०९६७ | ५५८५ | ५३८२ | | १२८२४ | १८२०६ |